# स्थानीय राजपत्र

स्थानीय सरकार, विदुर नगरपालिका, विदुर, नुवाकोट, ३ नं. प्रदेश, नेपालद्वारा प्रकाशित

वर्ष १, संख्या ७ | २०७४ चैत्र २३ गते | विक्री मुल्य रु. ०।००


## भाग १

**स्थानीय सरकार**

## विदुर नगरपालिका

**विदुर, नुवाकोट**

**३ नं. प्रदेश, नेपाल**

***नगर कार्यपालिकाबाट स्वीकृत मिति: २०७४।१२।२१***

# घ वर्गको निर्माण व्यवसाय ऐन, २०७४

# घ वर्गको निर्माण ब्यवसाय सम्वन्धी ऐन २०७४

२०७४ सालको विधेयक

<u>निर्माण ब्यवसायको ब्यवस्थापन र बिस्तार गर्न बनेको विधेयक</u>

**<u>प्रस्तावनाः</u>** सार्वजनिक निर्माण कार्यमा आवश्यक गुणस्तर कायम राख्न निर्माण ब्यवसायीहरुको प्रबर्द्धन तथा विकास गरी निर्माण ब्यवसाय सञ्चालन गर्ने सम्बन्धमा खनवश्यक ब्यवस्थ ागर्न वाञ्छनीय भएकोले विदुर नगरपालिकाको नगर सभाबाट यो ऐन बनाईएको छ ।

**परिच्छेद-१**

**<u>प्रारम्भिक</u>**

१. **<u>संक्षिप्त नाम र प्रारम्भः-</u>**

(१) यस ऐनको नाम "घ वर्गको निर्माण ब्यवसाय ऐन, २०७४" रहेको छ ।

(२) यो ऐन स्थानीय राजपत्रमा प्रकाशित भएपछि प्रारम्भ हुनेछ ।

२. **<u>परिभाषाः</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "सार्वजनिक निर्माण कार्य" भन्नाले प्रचलित कानुन बमोजिम सम्पन्न गरिने जुनसुकै प्रकारका निर्माण सम्बन्धी कार्य सम्झनु पर्छ र सो शब्दले पुनः निर्माण तथा मर्मत सम्भारको कार्य समेतलाई जनाउछ ।

(ख) "निर्माण ब्यवसायी" भन्नाले निर्माण ब्यवसाय सञ्चालन गर्ने उद्देश्यले प्रचलित कानुन बमोजिम दर्ता भएको फर्म वा कम्पनी सम्झनुपर्छ ।

(ग) "इजाजतपत्र" भन्नाले निर्माण कार्य गर्नको लागि दफा ४ बमोजिम दिइने इजाजतपत्र सम्झनुपर्छ ।

(घ) "प्राविधिक" भन्नाले सार्वजनिक निर्माण कार्यमा रेखदेख र सुपरिवेक्षण गर्न नेपाल सरकार वा विदुर नगरपालिका, नगर कार्यपालिका वा सो अन्तरगतका निकायको तर्फबाट खटिएको प्राविधिक कर्मचारी सम्झनुपर्छ ।

(ङ) "गुणस्तर" भन्नाले सार्वजनिक निर्माण कार्य गर्न गराउनको लागि आह्वान भएको प्रस्तावअनुसार प्रस्तावक र सो प्रस्तावको स्वीकृतिकर्ताको बीच भएको समझौतापत्र वा

त्यस्तो सम्झौतापत्रको अभिन्न अगंको रुपमा रहेको कागजात, ड्रइङ्ग, डिजाइन तथा स्पेसिफिकेशनमा उल्लेख भए बमोजिमको गुणस्तर सम्झनुपर्छ ।

(च) "समिति" भन्नाले दफा ९ बमोजिम गठित निर्माण ब्यवसाय विकास समिति सम्झनु पर्छ ।

(छ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ ।

**परिच्छेद-२**

**इजाजतपत्र सम्बन्धी ब्यवस्था**

३. **इजाजतपत्र प्राप्त नगरी सार्वजनिक निर्माण कार्य गर्न नहुने :**

यस ऐन बमोजिम वा अन्य स्थानिय तह वा संघीय सरकारबाट इजाजतपत्र प्राप्त नगरी कसैले पनि सार्वजनिक कार्य गर्न गराउन हुँदैन ।

तर प्रचलित कानुन बमोजिम उपभोक्ता समिति मार्फत वा जनसहभागितामा सञ्चालन गराइने सार्वजनिक निर्माण कार्य गर्न यस दफाले कुनै बाधा पुर्‍याएको मानिने छैन ।

४. **इजाजतपत्र :**

(१) सार्वजनिक निर्माण कार्य गर्न चाहने निर्माण ब्यवसायीले तोकिए बमोजिमको ढाँचामा तोकिए बमोजिमको दस्तुर सहित सार्वजनिक निर्माण कार्य गर्न संघिय कानुन वमोजिम वर्गिकृत घ वर्गको निर्माण व्यवसायी इजाजतपत्रको लागि समिति समक्ष दरखास्त दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम दरखास्त पर्न आएमा समितिले त्यस्तो दरखास्त उपर तोकिए बमोजिम जाँचबुझ गरी घ वर्गको इजाजतपत्र दिन विदुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय समक्ष सिफारिस गर्नेछ ।

(३) उपदफा (२) बमोजिम समितिबाट सिफारिस भै आएको दरखास्तवालालाई विदुर नगरपालिका, नगर कार्यपालिकाले तोकिए बमोजिमको ढाँचामा इजाजतपत्र दिन सक्नेछ ।

५. **इजाजतपत्रको अवधि र नवीकरण :**

(१) दफा ४ बमोजिम प्रदान गरिएको इजाजतपत्र दफा ६ बमोजिम खारेज भएको अवस्थामा बाहेक एक आर्थिक वर्षसम्म मान्य हुनेछ । इजाजतपत्र जुनसुकै मितिमा प्रदान गरेको भए तापनि सो आर्थिक वर्षको अन्त्यमा त्यस्तो इजाजतपत्रको अवधि समाप्त हुनेछ ।

(२) उपदफा (१) बमोजिम इजाजतपत्रको अवधि समाप्त भएका प्रत्येक निर्माण ब्यवसायीले इजाजतपत्रको अवधि समाप्त भएको मितिले तीन महिना भित्र तोकिए बमोजिमको दस्तुर तिरी तोकिएको अधिकारीबाट तोएि बमोजिम इजाजतपत्र नवीकरण गराउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम निवेदन जाँचबुझ गर्दा थप विवरण वा कागजात माग्नुपर्ने देखिएमा उद्योग दर्ता गर्ने निकायले सम्बन्धित निवेदकलाई त्यस्तो थप विवरण वा कागजात सात दिनभित्र पेश गर्न लगाउन सक्नेछ ।

(४) उपदफा (२) बमोजिमको म्याद नाघेको छ महिनाभित्र इजाजतपत्र नवीकरण गराउन चाहने निर्माण ब्यवसायीले तोकिए बमोजिमको थप दस्तुर तिरी तोकिए बमोजिम इजाजतपत्र नवीकरण गराउन सक्नेछ ।

६. <u>इजाजतपत्रको खारेजीः</u>

(१) देहायको अवस्थामा समितिको सिफारिसमा विदुर नगरपालिका, नगर कार्यपालिकाले निर्माण ब्यवसायीको इजाजतपत्र खारेज गर्न सक्नेछः

(क) झुठा विवरण पेश गरी इजाजतपत्र प्राप्त गरेमा,

(ख) सार्वजनिक निर्माण कार्य गर्ने वा गर्न पाउने उद्देश्यले विदुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय तथा सो अन्तरगतको संगठित संस्था वा नेपाल सरकारका अन्य कुनै निकायमा झुठा विवरण तथा तत्सम्बन्धी कागजात पेश गरेमा,

(ग) गुणस्तरयुक्त कार्य नगरेको ठहरेमा ।

(घ) तोकिएको समयमा काम सम्पन्न नगरेमा ।

(२) उपदफा (१) बमोजिम इजाजतपत्र खोरज गर्नु अघि सम्बन्धित निर्माण ब्यवसायीलाई स्पष्टीकरण पेश गर्न सात दिनको मनासिव माफिकको मौका दिनुपर्नेछ ।

(३) दफा ५ को उपदफा (३) बमोजिमको म्यादभित्र नवीकरण नभएको इजाजतपत्र स्वतः खारेज हुनेछ ।

(४) उपदफा (१) वा (३) बमापजम इजाजतपत्र खारेज भएकोमा त्यसको जानकारी सम्बन्धित फर्म वा कम्पनीलाई दिनुपर्नेछ ।

## परिच्छेद–३

## निर्माण ब्यवसायीको दायित्व

७. **निर्माण ब्यवसायीको दायित्व** :

(१) ठेक्का सम्झौतामा उल्लिखित शर्तहरुको अधीनमा रही सार्वजनिक निर्माण कार्य गर्नु निर्माण ब्यवसायीको दायित्व हुनेछ ।

(२) निर्माण ब्यवसायीले सम्पन्न गरेको प्रत्येक सार्वजनिक निर्माण कार्यको विवरण तोकिए बमोजिम समिति समक्ष पेश गर्नु पर्नेछ ।

८. **निर्माण ब्यवसायीहरुबाट गराउन सकिने सार्वजनिक निर्माण कार्य** : सार्वजनिक निर्माण कार्यगराउदा प्रचलित खरिद ऐन तथा नियमावली बमोजिम हुनेछ ।

## परिच्छेद–४

## निर्माण ब्यवसाय विकास समिति

९. **निर्माण ब्यवसाय विकास समिति** : (१) निर्माण ब्यवसायलाई सुदृढ र सुब्यवस्थित रुपमा सञ्चालन गर्न आवश्यक नीति तयार गरी सम्बन्धित निकायहरुलाई निर्देशन दिन देहाय बमोजिमको निर्माण ब्यवसाय विकास समिति गठन हुनेछः

(क) नगर प्रमुख – अध्यक्ष

(ख) नगर उप प्रमुख – सदस्य

(ग) नगर प्रशासकीय अधिकृत – सदस्य

(घ) नगर स्थित निर्माण ब्यवसायी संघको अध्यक्ष वा निजले तोको प्रतिनिधि – सदस्य

(ङ) जिल्ला स्थित इन्जिनियरिङ एशोसियसनको प्रतिनिधि – सदस्य

(च) योजना महाशाखा प्रमुख – सदस्य सचिव

(२) समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले तोके बमोजिम हुनेछ ।

१०. **समितिको काम, कर्तव्य र अधिकार** : समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) निर्माण ब्यवसायीलाई इजाजतपत्र प्रदान गर्न विदुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय समक्ष सिफारिस गर्ने ।

(ख) निर्माण ब्यवसाय सम्बन्धमा समसामयिक अधययन, अनुसन्धान तथा आवश्यक सुझाव संकलन गरी विदुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय समक्ष पेश गर्ने ।

(ग) सार्वजनिक निर्माण कार्यमा गुणस्तर कायम राख्ने सम्बन्धमा आवश्यक नर्म्स् तयार गर्ने,

(घ) सार्वजनिक निर्माण कार्यमा प्रस्तावक र प्रस्ताव स्वीकृतिकर्ता बीच हुने सम्झौतापत्र, करारका शर्तहरु तथा स्पेसिफिकेशन सम्बन्धी नमुना मसौदाको निर्माण तथा विकास गर्ने,

(ङ) सार्वजनिक निर्माण कार्यसंग सम्बन्धित वातावरणीय पक्ष लगायतका अन्य विषयहरुमा आवश्यक कोडहरुको निर्माण ता विकास गर्ने,

(च) सार्वजनिक निर्माण कार्यको गुणस्तर सम्बन्धमा कुनै प्रश्न उठेमा सम्बन्धित प्राविधिकबाट भएको जाँचपासको सम्बन्धमा आवश्यक जाँचबुझ गर्ने गराउने ।

(छ) खण्ड (च) बमोजिम जाँच गर्दा वा गराउदा तोकिएको गुणस्तर कायम नराखी प्राविधिकबाट जाँचपास भएको देखिएमा त्यसबाट हुन गएको हानी नोक्सानी असुल उपर गर्न त्यस कार्यमा संलग्न ब्यक्ति उपर प्रचलित कानुन बमोजिम कारवाही गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने ।

(ज) तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने ।

## परिच्छेद–५

## विविध

११. **निर्माण ब्यवसायी कोष** : नगर कार्यपालिकाले सार्वजनिक निर्माण कार्यको गुणस्तर र निर्माण ब्यवसायीहरुको कार्य क्षमतामा बृद्धि गराउन निमाृण ब्यवसायीहरुलाई आवश्यक सेवा तथा सहयोग उपलब्ध गराउन एक निर्माण ब्यवसायी कोषको स्थापना गर्न सक्ने छ ।

१२. **ठेक्का सम्बन्धी कागजात पठाउनु पर्नेः** विदुर नगरपालिका भित्र सार्वजनिक निर्माण कार्य गर्ने सम्बन्धमा भएको सम्झौता र सो संग सम्बन्धित कागजातहरुको एक प्रति ठेक्का स्वीकृत गर्ने निकायले समितिमा पठाउनु पर्नेछ ।

१३. **सहुलियतमा पैठारी गरिएका सामानहरुको विवरण खुलाउनु पर्ने** :द्विपक्षीय वा बहुपक्षीय सम्झौता बमोजिम गरिने सार्वजनिक निर्माण कार्यको लागि प्रचलित कानन बमोजिम प्राप्त सुविधा अन्तर्गत निर्माण ब्यवसायीले नेपाल भित्र पैठारी गरेको सावरी साधन, मेशिनरी औजार तथा यस्तै अन्य यन्त्र तथा उपकरणहरुको विवरण तोकिए बमोजिमको ढाँचामा समिति समक्ष पेश गर्नु पर्नेछ ।

१४. **विदेशी निर्माण ब्यवसायीले सहुलियतमा पैठारी गरेका मेशिनरी औजार आदि अन्यत्र प्रयोग गर्न नहुने** : दफा १५ बमोजिम विदेशी निर्माण ब्यवसायीले आयात गरेको सवारी साधन, मेशीनरी औजार तथा यस्तै अन्य यन्त्र तथा उपकरणहरु जुन कार्यको लागि आयात गरिएको छ सोही कार्यको लागि मात्र प्रयोग गर्नु पर्नेछ । विदुर नगरपालिका, नगर कार्यपालिका कार्यालयको स्वीकृति नलिई त्यस्ता सवारी साधन, मेशीनरी औजार, यन्त्र तथा उपकरणहरु अन्य कार्यको लागि प्रयोग गर्नु हुदैन ।

१५. **विदेशी सरकार वा संस्थासंग भएको सम्झौता बमोजिम हुने** : (१) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएतापनि विदुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय र विदेशी सरकार वा विदेशी सरकारको स्वामित्व भएको संस्था वा अन्तर्राष्ट्रिय संस्थाहरुबीच भएको अनुदान वा ऋण सहायता सम्बन्धी सम्झौता बमोजिम सार्वजनिक निर्माण कार्य गर्दा सोही सम्झौतामा लेखिए बमोजिम हुनेछ ।

१६. **दण्ड सजाय** : निमार्ण ब्यवसायीले प्रचलित कानुन बमोजिम प्राप्त सहुलियत तथा सुविधाहरुको दुरुपयोग गरेमा त्यस्तो निर्माण ब्यवसायीलाई विदुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयले त्यसरी दुरुपयोग भएको रकमको दोब्बर रकम सम्म जरिवाना गर्न सक्नेछ ।

१७. **उपसमिति गठन गर्न सक्ने** : (१) समितिले आफ्नो कार्यालय सञ्चालनको लागि आवश्यकता अनुसार उपसमिति गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने कार्य समितिको काम, कर्तव्य, अधिकार तथा कार्यविधि समितिले तोके बमोजिम हुनेछ ।

१८. **इजाजतपत्रको प्रतिलिपि दिने** : कुनै निर्माण व्यवसायीले इजाजतपत्र हराए वा नासिएको कारणबाट इजाजतपत्रको प्रतिलिपि पाउन निवेदन गरेमा समितिले तोकिए बमोजिमको दस्तुर लिई इजाजतपत्रको प्रतिलिपि दिनुपर्नेछ ।

१९. **अधिकार प्रत्यायोजन** :यस ऐन बमोजिम विदुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयलाई प्राप्त अधिकार मध्ये केही अधिकार विदुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयले तोकिएको अधिकारीलाई तोकिएको अवधिसम्मको लागि प्रत्यायेजन गर्न सक्नेछ ।

२०. **प्रचलित कानुन बमोजिम हुने** : यस ऐनमा लेखिए जति यसै ऐन बमोजिम र अरुमा प्रचलित कानुन बमोजिम हुनेछ ।

२१. **नियम बनाउने अधिकार** : यस ऐनको उद्देश्य पूर्तिको लागि विदुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयले आवश्यक नियमहरु बनाउन सक्नेछ ।

प्रमाणिकरण मिति: २०७४/१२/२३

**आज्ञाले**

सन्त बहादुर सुनार
प्रमुख प्रशासकीय अधिकृत